आज मिति २०८२/०६/१२ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | Tyka | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री ईश्वरी प्रसाद शर्मा |
| अन्य उपस्थिति | | | |
| १ | | प्र. शाखा | श्री [illegible] पन्त |
| २ | | प्र.प्र.अ. | श्री प्रशान्त श्रेष्ठ |
| ३ | | [illegible] | श्री शान्ती देवी शर्मा पाण्डे |
| ४ | | | श्री लक्ष्मी श्रेष्ठ |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. विदा स्वीकृत गर्ने सम्वन्धमा ।

३. आत्मनिर्भर बागलुङ कार्यक्रम सम्वन्धमा ।

४. प्र.अ./शिक्षकका लागि कार्यशाला संचालन गर्ने सम्वन्धमा ।

५. खेलकुद मैदान निर्माणको लागि बजेट विनियोजन गर्ने सम्वन्धमा ।

६. मालिकामा तीज मेलाको लागि रकम उपलब्ध गराउने सम्वन्धमा ।

७. बागलुङ नगर अस्पतालको भवनको ठेक्का सम्वन्धमा ।

८. आर्थिक सहायता सम्वन्धमा ।

९. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१०. विविध सम्वन्धमा ।

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयमा सरसफाई सुपरभाईजर पदमा कार्यरत राम प्रसाद सुवेदीले २०८२ भाद्र १५ गते देखी लागु हुने गरी ६ महिनाको लागि विदा स्वीकृत गरी पाँउ भनि पेश गरेको निवेदन उपर छलफल हुँदा निज सरसफाई सुपरभाईजर राम प्रसाद सुवेदीलाई २०८२ पौष मसान्त सम्म बेतलवि विदा स्वीकृत गर्ने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगरपालिका र हेफर नेपाल वीच साझेदारी मोडलमा काम गर्ने गरी भएको सम्झौता बमोजिम यस नगरपालिकामा संचालनमा रहेको आत्मनिर्भर बागलुङ कार्यक्रमको समिक्षा गरियो । कार्यक्रम संचालनको क्रममा देखिएका समस्यालाई समाधान गर्दै चालु आ.व.मा थप प्रभावकारीताका साथ निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ.तथा शिक्षकहरुको लागि लुम्बिनी प्रदेश बुटवल उप-महानगरपालिका स्थित कालिका मा.वि.का शिक्षक सहजकर्ता मार्फत साँगितिक पिटी, असल अभिभावकत्व सम्बन्धी कार्यशाला र उत्प्रेरणा सम्बन्धि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ५ स्थित मालिका भगवती मन्दिरको प्राङगणमा खेलकुद मैदान निर्माण गर्नको लागि रु २,००,०००। अक्षेरुपी दुई लाख रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ५ स्थित मालिकामा सम्पन्न भएको तीज मेलाको विल भरपाई तथा आवश्यक कागजपत्रको आधारमा अधिकतम रु १,००,०००। अक्षेरुपी एक लाख रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १३ को नगर अस्पताल भवन निर्माणको लागि सम्झौता गरेका ठेकेदार कम्पनी महालक्ष्मी जुगल जेभी, ललितपुरले सम्झौताको समय भित्र काम सम्पन्न गर्न नसकेको र पटक पटक म्याद थप गर्दा समेत काम प्रति जिम्मेवार नभै कार्यालयलाई हानी पुऱ्याउने गरी ढिला सुस्ती गरेको हुँदा उक्त ठेकेदार कम्पनीलाई समयमै कार्यसम्पादन गर्नका लागि समन्वय तथा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ९ सालबोटमा मिति २०८२ जेष्ठ ७ गतेको आगलागीबाट प्रभावित मैया कुमारी के.सी., विष्णु प्रसाद पौडेल र गिता कुमारी शर्माको परिवारलाई प्रति परिवार रु २५,०००। अक्षेरुपी पच्चीस हजार रुपैयाका दरले आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कार्यपालिकामा पेश हुन आएको देहाय बमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

(क) बागलुङ नगरपालिका जग्गा तथा संरचना लिज/भाडामा दिने/लिने सम्बन्धी कार्यविधि, २०८२